कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## कार्यकारी निर्देशक आवश्यकता सम्बन्धी दोस्रो पटक प्रकाशित सूचना

### प्रकाशित मितिः २०८१/०१/११

कर्णाली प्रदेश तथा स्थानीय तहका निर्वाचित, मनोनित वा नियुक्त पदाधिकारी तथा कर्मचारीको प्रशासनिक एवं व्यवस्थापन सम्बन्धी दक्षता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने उद्देश्यले "कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना र सञ्चालन) सम्बन्धी ऐन, २०८०" बमोजिम प्रशिक्षण प्रतिष्ठान स्थापना भएको छ । उक्त ऐनको दफा १३ को उपदफा (१) मा उक्त केन्द्रमा एक जना कार्यकारी निर्देशक रहने र सो का लागि सोहि दफाको उपदफा (६) बमोजिम सिफारिस गर्नुपर्ने भएकाले कार्यकारी निर्देशक पदको लागि आवश्यक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा दरखास्त दिनुहुन आव्हान गरिन्छ ।

<u>तपसिल</u>

- पद: कार्यकारी निर्देशक
- माग पद संख्या: १ (एक)
- कार्य अवधि: नियुक्त मितिले ४ वर्ष
- न्युनतम शैक्षिक योग्यता: मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण गरेको ।
- कार्य अनुभव: सार्वजनिक प्रशासन वा व्यवस्थापन वा कानून वा अनुसन्धानका क्षेत्रमा कम्तीमा आठ वर्ष काम गरेको अनुभव भएको वा नेपाल सरकार वा प्रदेश सरकारको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदबाट सेवा निवृत्त भई कम्तीमा एक वर्ष अन्य कुनै सार्वजनिक पद धारण नगरेको ।
- परिक्षाको किसिम: शैक्षिक योग्यता, अनुभव, कार्ययोजना निर्माण तथा प्रस्तुतिकरण र अन्तरवार्ता ।
- पेश गर्नुपर्ने कागजात: कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी कार्यविधि, २०८० को अनुसुची-१ बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।
- सेवा सुविधा: प्रदेश सरकारको सचिव सरह
- उमेर: ४० वर्ष पुरा भई ६५ वर्ष ननाघेको ।
- दरखास्त पेश गर्ने स्थान: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वीरेन्द्रनगर सुर्खेत ।
- दरखास्त पेश गर्ने अन्तिम मिति: २०८१/०१/२५ गते कार्यालय समय भित्र । म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।
- परिक्षा मिति: पछि प्रकाशित गरिने छ ।
- थप जानकारीका लागि सम्पर्क: ९८५८०८६४०० (सूचना अधिकारी)
- मिति २०८०।१०।०८ गतेको सूचना बमोजिम पर्न आएका सबै आवेदनहरु यथावत कायम रहेको छ साथै निजहरुले पुन: आवेदन दिनुपर्ने छैन ।

कार्यकारी निर्देशक सिफारिस समिति
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
कर्णाली प्रदेश, सुर्खेत